## सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.9

### विदेशमा हुने विद्यालय शिक्षामा नौ वर्षको पाठ्यक्रम सम्पन्न गरेको व्यक्तिको प्रक्रिया

शिक्षा परिषद् द्वारा प्रायोजित वर्णन सभा (अन्य प्रान्त वा विदेशी नागरिक प्रति लक्षित। दोभाषे उपलब्ध)

डिसेम्बर 3 तारिख शनिवार 14:00 बजेदेखि तोचुका कोउखाइदोउमा नक्सा☛ **P.14**

योकोहामा-सि तोचुका-कु तोचुका-च्योउ 127

"तोचुका ट्रेन स्टेशन पश्चिमीद्वारबाट पैदल 8 मिनेट

*यो वर्णन सभामा, दरखास्त दिने योग्यता अनुमोदन निमित्तको आवेदन स्वीकार गरिने छ। आवेदन दिने महानुभावले तलको 1 नम्बरदेखि 3 नम्बरसम्मको आवश्यक कागजात लिएर आउनुहोला। विद्यालय भर्ना आवेदनपत्र जस्ता कागजातहरू वर्णन सभामा वितरण गरिने छ।

★ हाल खानागावा प्रान्तको सार्वजनिक माध्यमिक विद्यालयमा नामाङ्कित भएको व्यक्तिले, सहभागि हुन नमिल्ने।

*नवीनतम जानकारीको लागि ME-netको वेबसाइट हेर्नुहोला। (https://hsguide.me-net.or.jp)

↑नक्शा डिस्प्ले हुन्छ।

जापानको माध्यमिक विद्यालय नभएर, विदेशको माध्यमिक विद्यालयबाट पास गर्नुभएका व्यक्तिको लागि जानकारी हो।

गाइडबुकको पृष्ठ 9 हेर्नुहोस्।

ठ्याक्कै भन्नुपर्दा, विदेशमा 9 वर्षको विद्यालय शिक्षा सम्पन्न गरेको व्यक्तिलाई लक्षित गरेर, डिसेम्बर 3 तारिखमा जानकारी सभा हुन्छ।

उच्च माध्यमिक विद्यालय जाँचमा आवश्यक कागजात हस्तान्तरण गरिने हुनाले, अवश्य सहभागी हुनुहोला। दोभासे समेत हुन्छ।

तथापि, हाल खानागावा प्रान्तको माध्यमिक विद्यालयमा अध्ययनरत व्यक्ति, पास भइसकेको व्यक्ति भने सहभागी हुन मिल्दैन।